नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

**निर्णयहरू:-**

१. जिल्लाभित्र स्थानीय तह निर्वाचन, २०७९ को मतदान कार्य स्वच्छ, निष्पक्ष, स्वतन्त्र, शान्तिपूर्ण र भयरहित वातावरणमा सफलतापूर्वक सम्पन्न गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरूप्रति धन्यवाद व्यक्त गर्ने ।

२. नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार शनिबार र आईतबार गरी २ दिन सार्वजनिक बिदा दिने निर्णय भई मिति २०७९ जेठ १ गतेबाट लागू भइरहेको सन्दर्भमा सार्वजनिक बिदाको दिनमा सार्वजनिक निकायहरूले कार्यालयका सवारी साधनहरू सञ्चालन नगर्ने । तर, अत्यावश्यक सेवा सञ्चालन गर्ने निकायहरू तथा अत्यावश्यक अवस्थामा सवारी पास लिएर मात्र सवारी सञ्चालन गर्ने ।

३. भौतिक पूर्वाधार निर्माण तथा विकास आयोजनासँग सम्बन्धित कार्यालयहरुले निर्माणसँग सम्बन्धित कार्यहरू तोकिएको समयमै सम्पन्न गर्ने, गराउने ।

४. निकटमा आउँदै गरेको मनसुनलाई मध्यनजर गर्दै मनसुनजन्य विपद्को पूर्वतयारी तथा प्रतिकार्यको लागि विपद्का समयमा खोज तथा उद्धार कार्यमा प्रयोग हुने उपकरण तथा सामग्रीहरू सबै कार्यालयहरूले मर्मत सम्भार गरी चालु अवस्थामा राख्ने र विपद् व्यवस्थापनमा तदारूकताकासाथ कार्य गर्ने ।

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी